# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### फर्पिङ, काठमाण्डौं, ३ नं. प्रदेश, नेपाल

## विज्ञापन कर उठाउने सम्बन्धि दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०५/३० गते**

दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन, २०७६ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र विज्ञापन कर असुलीको कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहने योग्य ईच्छुक व्यक्ति, फर्म वा संस्थाले रीतपूर्वक गोप्य शिलबन्दी देहाय बमोजिमको शर्तहरुको अधिनमा रही म्याद भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. शिलवन्दी दरभाउपत्र खरिद मिति र स्थान :- २०७६।०६।१३ गते कार्यालय समयसम्म, दक्षिणकाली नगरपालिका फर्पिङ।
२. शिलवन्दी दरभाउपत्र शुल्क रु. १,०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र)।
३. व्यक्ति वाहेक अन्यले यस नगरपालिकामा सूचि दर्ता गराउनुपर्नेछ।
४. नगरपालिकाबाट खरिद गरिएको दरभाउ पत्रसंगै व्यक्ति, फर्म, संस्थाले कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०७४।०७५ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी, स्थानीय तहमा व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।
५. शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय :- मिति २०७६।०६।१४ गते दिनको १२:०० बजेसम्म
६. शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय :- २०७६।०६।१४ गते दिउँसो २:०० बजे।
७. फारम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने दिन सोहि समय र स्थानमा उक्त कार्य गरिनेछ।
८. शिलवन्दी दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशत धरौटी रकम दक्षिणकाली नगरपालिका, नगर कार्यपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक,फर्पिङ शाखामा रहेको धरौटी खाता न. १२००३०३००७१०२ मा नगदै जम्मा गरी सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस नगरपालिकाको नाममा कुनै 'क' बर्गको वाणिज्य बैंकले जारी गरेको १२० दिन म्याद भएको बिडबण्ड पेश गर्नुपर्नेछ।
९. कबोल अंक नगरपालिकाले उपलब्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्रदाताले आफ्नो फर्म वा संस्थाको नाम ठेगाना लेखी कार्यालयको छाप लगाएको हुनुपर्नेछ।
१०. प्राप्त शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ। म्याद नाघि आएको, रीत नपुगेको, शर्त राखी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन। कुनै फर्म, सस्था वा कम्पनीको नाममा खरिद भएको दरभाउ पत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाईने छैन।
११. यसमा उल्लेख भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नगरपालिकाको आर्थिक ऐन, २०७६ बमोजिम र अन्य प्रचलित ऐन, नियमानुसार हुनेछ।
१२. शिलबन्दी दरभाउ पत्र सम्बन्धि सूचना तथा नगरपालिकाको आर्थिक ऐन, २०७६ यस कार्यालयको वेवसाईट **www.dakshinkalimun.gov.np** मा हेर्न सकिनेछ। साथै सो सम्बन्धि थप जानकारीको लागि नगरपालिका कार्यालय तथा फोन नं. ०१-४७१००२८ मा सम्पर्क गर्न सकिनेछ।

| क.सं. | दरभाउ पत्र नं. | कामको विवरण | न्यूनतम वार्षिक कबोल अंक (मू.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ६/०७६-०७७ | नगर क्षेत्र भित्र विज्ञापन कर उठाउने | ५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैयाँ मात्र) | |

**Published on: 2076-05-30 Nagarik News (16th September, 2019 ), Nagarik Daily**